## मिति २०७७/१२/०८ गते सम्पन्न ५६ औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

आज मिति २०७७/१२/०८ गते सम्पन्न कार्यपालिका बैठकबाट खैरहनी नगरपालिका करारमा प्राविधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ लाई संशोधन गरी खैरहनी नगरपालिकामा करार प्राविधिक/श्रेणीबिहिन कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ लाई संशोधन गर्न बनेको कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको पहिचान तथा लागत संकलन कार्यमा खटिने जनप्रतिनिधि, कर्मचारी तथा लगत सङ्कलक/गणकहरुको लागि खाजा खर्च बापत प्रतिदिन रू. १०० (एक सय रुपैया) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

खैरहनी नगरपालिका नगरकार्यपालिकाको कार्यालय सहकारी शाखा मार्फत यस कार्यपालिकामा पेश हुन आएको विशिष्टिकृत सहकारी संघ दर्ता तथा अन्तर सहकारी व्यवसाय कारोबार स्वीकृत गर्ने भनि आएकोमा यस खैरहनी नगरपालिकाको सहकारी ऐनमा विशिष्टिकृत सहकारी संघ दर्ता गर्ने भन्ने उल्लेख नरहेकोले पछी बन्ने नियम तथा कार्याविधि अनुसार नै हुने गरि संघिय ऐनमा ब्यबस्था भएअनुसार तथा यस नगरपालिकाको क्षेत्र भित्र संचालनमा रहेका सबै प्रकारका सहकारीहरूले एउटै प्रकृतिको कार्य गर्ने भएकोले हाललाई अन्तरीम व्यवस्थापनको लागि उक्त खैरहनी शित भण्डार विशिष्टिकृत संघ दर्ता गर्ने साथै अन्तर सरकारी व्यवसाय कारोवारको पनि खैरहनी नगरपालिकाको सहकारी ऐनको दफा १२ मा व्यवस्था भए बमोजिम पछी फरक नपर्ने गरी नियमावली तथा कार्यविधि बनेपश्चात सोहि अनुसार व्यवस्था हुने गरी कुमरोज साझेदारी पशु आहारा दाना मिल संचालनको लागि स्वीकृत दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

कयर खोला उत्खनन् तथा बिक्रि बितरण व्यवस्थापन समितिले अनुमोदनको लागि पेश गरेको खैरहनी र रत्ननगर नगरपालिकाको सिमा नदी कयर खोलाको नदिजन्य पदार्थ उत्खनन् सम्वन्धमा नदीजन्य पर्दाथको उत्खनन् कार्यका लागी ठेक्का बन्दोबस्त गर्दा कम्तिमा ३० दिनको समय दिनु पर्ने तथा सम्झौता लगायतका विषयले थप समयलिने हुँदा जेष्ठ मसान्तसम्म मात्र उत्खनन् गर्न पाइने सिमा अवधिमा बार्षिक उत्खनन् अनुमति प्राप्त भएको परिमाण उत्खनन् गर्न नसकिने र यो समयमा दुवै नगरपालिकाको योजना अगाडी बढाऊन निर्माण सामग्री अभाव भएको, निर्माण सामग्रीको चोरी निकासी भैरहेको, नगरपलिकाको आम्दानी समेत रोकिएको लगायतका कारणले गर्दा यथासक्य छिटो नदिजन्यपर्दाथ बिक्रि बितरण गर्नु पर्ने देखिएको हुँदा, खैरहनी नगरपालिकाको व्यवस्थापनमा हाललाई कयर खोलाको नदीजन्य पदार्थ अमानतमा बिक्रि बितरण गर्न दिने निर्णयलाई अनुमोदन गरियो ।

निर्णय नं. ५

आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशको च.नं. ११५८, मिति २०७७/१२/१२ को पत्रानुसार आव्हान गरिएको प्रस्ताव अनुसार समपुरक र विशेष अनुदान माग सम्बन्धमा यस नगरपालिका अन्तर्गत तपसिलका कार्यक्रम/योजनाहरु संचालन गर्न अति आवश्यक देखिएको हुँदा प्राविधिक लागत अनुमान तथा **DPR** का आधारमा तपसिलका योजनाहरु प्रदेश सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजनाको विवरण | ठेगाना | कुल लागत | योजनाको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | Construction of Covered Hall and Public Toilet at Gaucharan (Rangasala) , Khairahani – 5 | खैरहनी नगरपालिका- ५ | २,९९,७५,३४० | समपुरक अनुदान | |
| २ | आधारभूत बिद्यालय मझुईको भवन निर्माण, खैरहनी – ७ | खैरहनी नगरपालिका- ७ | १,६१,४९,९६ ५ | समपुरक अनुदान | |
| ३ | Ward No – 12 and 13 Dhungreykhola Tatabandhan , khairahani – 12 and 13 | खैरहनी १२ र १३ | १,००,११,३९५ | बिशेष अनुदान | |

३-७००.